annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २२६ पृष्ठ ८ | काठमाडौं, शनिबार ६ पुस २०८१ | पौष कृष्णपक्ष षष्ठी नेपाल संवत् ११४५ | SATURDAY, DECEMBER 21, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# सामुदायिक वनको कर कस्को ?

संविधानले वनलाई तीन तहकै सरकारको साझा सूचीमा राखेको छ। लुम्बिनी प्रदेशका तीन तहका सरकारले सामुदायिक वनलाई आफू अनुकूल व्याख्या गरेर कर उठाउन थालेका छन्। त्यसैकारण, सरकार र वन समूहबीच जिल्ला-जिल्लामा द्वन्द्वको अवस्था सिर्जना भएको छ।

**शंकरप्रसाद खनाल** | *नेपालगन्ज*

**– को रिपोर्ट**

समाचार पृष्ठ २

लुम्बिनी प्रदेशमा कुन वनको क्षेत्रफल कति ?

| क्षेत्रफल | वन | वनको संख्या |
|---|---|---|
| ४,२९,४२५.५२ | सामुदायिक वन | ४०३७ |
| २२,५८०.८३ | साझेदारी वन | ८ |
| ८४०.४६ | धार्मिक वन | ३० |
| २४,०६९ | कबुलियती वन | ४०६ |
| ७७६.५ | निजी वन | ९३८ |
| ७६,६२७.४३ | वन संरक्षण क्षेत्र | ४ |
| ३१२४ | चक्ला वन | २ |


पाल्पाको श्रीनगर पर्यापर्यटन क्षेत्रको वन क्षेत्र। ● कृष्ण पोखरेल

## भित्री पृष्ठ


जहाँ लासहरू उकालो चढ्छन् ! - पृष्ठ ३


लेखन कुञ्ज अब प्रज्ञा प्रतिष्ठान - पृष्ठ ४


जोमसोममा आमा सम्झिने 'मातृचक्र' - पृष्ठ ६


प्रसारण लाइनको ५ वर्षअघि ठेक्का, विस्तार हुनमा अझै अन्योलता - पृष्ठ ७

# भारतबाट अतिरिक्त हवाई रुट चाहन्छौं : परराष्ट्रमन्त्री राणा

**अन्नपूर्ण** | *काठमाडौं*

परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले नेपालले भारततर्फबाट अतिरिक्त हवाई रुट चाहेको बताएकी छन्। भारतको नयाँदिल्लीमा शुक्रबार आयोजित भारत-नेपाल आर्थिक सम्मेलन (इन्डो नेपाल इकोनोमिक कन्फ्रेन्स) लाई सम्बोधन गर्दै राणाले नेपालले भारतबाट थप हवाई रुटको अपेक्षा गरिरहेको बताएकी हुन्। उनले भनिन्, 'हामीले पोखरा र लुम्बिनीमा दुई अन्तर्राष्ट्रिय विमानस्थल बनाएका छौं। ती दुवै संसारकै लोकप्रिय सहर हुन्। पोखरा पर्यटन नगरी हो भने लुम्बिनी भगवान् गौतम बुद्धको जन्मस्थल हो। ती विमानस्थलबाट हामीले पर्यटन मात्र नभएर समग्र सम्पर्क विस्तार पनि गर्न चाहन्छौं। त्यसैले नेपाल यी दुई विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालनका लागि पनि थप हवाई रुट चाहेको छ।'



नेपालले ती विमानस्थल महँगो खर्चमा निर्माण गरेकाले तिनलाई पूर्ण रूपमा कामयवी बनाउनका लागि पनि आफ्ना छिमेकीसँग सहयोगको याचना गरिरहेको बताउँदै उनले भारतीय एयरलाइन्सहरूलाई नेपालमा थप उडानका लागि आग्रह गरिन्। उनले नेपाल सरकारले भारतका निजी एयरलाइन्सहरूलाई नेपालमा उडानका लागि आग्रह गर्दै नेपाल सरकारले यसका लागि धेरैभन्दा धेरै सहुलियत प्रदान गर्ने जानकारी पनि गराइन्। यी विमानस्थलहरूको सञ्चालनमार्फत दुई देशबीचको पर्यटन प्रवर्द्धन हुने त छँदैछ, अझ त्योभन्दा पनि ठूलो कुरा त दुई देशका जनता जनताबीचको सम्पर्क र सम्बन्धलाई थप विस्तारित गर्ने मन्त्री राणाले बताइन्।

नेपालले अतिरिक्त हवाई रुट प्राप्त गर्ने र यी दुवै विमानस्थल पूर्ण क्षमताका साथ सञ्चालनमा आउन सक्ने हो भने नेपाल र भारतका पर्यटकीय सम्भावनाहरू थप उजागर हुनुका साथै दक्षिण एसियाकै कनेक्टिभिटीमा पनि थप सहयोग पुग्ने उनको धारणा थियो। नेपाल र भारतका धार्मिक र सांस्कृतिक पर्यटनको अधिक सम्भावनाहरूको चर्चा गर्दै उनले रामायण सर्किट र बुद्ध सर्किटजस्ता संयुक्त पहललाई प्रभावकारी रूपमा प्रवर्द्धन गरेर दुवै देशले पर्यटनबाट पारस्परिक लाभ लिन सक्ने र यसका लागि संयुक्त सहकार्य आवश्यक पर्ने बताइन्। सो सम्मेलनमा मन्त्री राणाले नेपालमा लगानीका लागि भारतीय लगानीकर्ताहरूलाई आग्रह पनि गरिन्। भारत नेपालमा सबैभन्दा ठूलो लगानी गर्ने राष्ट्र हो भन्दै उनले भारतीय निजी क्षेत्रलाई नेपालमा रहेका लगानीका सम्भावना र अवसरहरूबाट लाभ लिन आग्रह गरिन्।

हालैमात्र नेपालले सार्वभौम क्रेडिट रेटिङमा 'बीबी माइनस' नतिजा प्राप्त गर्न सफल भएबाट नेपालमा लगानीमैत्री वातावरण छ भन्ने देखिएको स्पष्ट गरिन्। नेपालले लगानीको वातावरण सुधार गर्न नीतिहरू पुनर्संरचना गरेको र धेरै कानुनहरू लागू पनि गरेको जानकारी दिइन्। 'हामी यथासम्भव धेरै सम्भावित देशहरूसँग द्विपक्षीय लगानी सम्झौता गर्न तयार छौं,' परराष्ट्रमन्त्री राणाले भनिन्, 'नेपालले संस्थागत कर, आयात शुल्क र निर्यात प्रोत्साहनको हिसाबले आकर्षक प्रोत्साहन प्याकेजहरू प्रदान गर्दछ। हामी लगानीबाट हुने आयलाई स्वदेश फिर्तीको पनि ग्यारेन्टी गर्छौं। त्यसैले नेपालको लगानीका सम्भावनाबाट विश्वका सबै लगानीकर्ता लाभान्वित हुन सक्छन्।'

» बाँकी पृष्ठ ६

# मन्त्रीहरूको कार्यसम्पादनबाट प्रधानमन्त्री असन्तुष्ट



**काठमाडौं** (अन्नपूर्ण) : प्रधानमन्त्री केपी शर्मा ओली मन्त्रीहरूको कार्यसम्पादनबाट निराश बनेका छन्। आफू प्रधानमन्त्री भएको ५ महिना बितिसक्दा पनि सरकारले जनतामा आशा पैदा गर्न नसकेको भन्दै प्रधानमन्त्री निराश बनेका हुन्।

शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकमा उनले मन्त्रीहरूसँग पनि उल्लेख्य र जनताका पक्षमा काम हुन नसकेको भन्दै असन्तुष्टि पोखेका छन्। अपवादबाहेक कुनै पनि मन्त्रालयले देखिनेगरी परिणाम दिन नसकेको प्रधानमन्त्रीको भनाइ छ।

» बाँकी पृष्ठ ६

# मुक्तिनाथस्थित भारतीय धर्मशाला खण्डहर बन्दै

**सुन्दरकुमार थकाली** | *जोमसोम*

मुस्ताङको वारागुङ मुक्तिक्षेत्र–१ मुक्तिनाथस्थित रानीपौवा बसपार्क नजिकैको भिरालो पाखोमा निर्माण भएको भारतीय धर्मशाला खण्डहर बन्दै गइरहेको छ। भारतीय दूतावासले निर्माण गरेको धर्मशाला संरक्षण तथा व्यवस्थापन कार्यमा ध्यान नपुग्दा अलपत्र परेको हो।

सुरुका तीन वर्ष सञ्चालनमा आएको उक्त धर्मशाला सञ्चालनमा सन् २०१३ देखि पूरै प्रयोगविहीन अवस्था छ। भारतीय दूतावासले मुक्तिनाथ दर्शनका लागि आउने भारतीय दर्शनार्थीलाई लक्षित गरी मुक्तिनाथ क्षेत्रमा सुविधा सम्पन्न आधुनिक धर्मशालाको निर्माण गरेको गरेको थियो। दूतावासले २ करोड ५२ लाख लागतमा झन्डै दुई दर्जन कोठा भएको धर्मशाला ६ महिनामा निर्माण सम्पन्न गरेको थियो। तत्कालीन भारतीय राजदूत राकेश सुदले सन् २०१० को जुन २० तारिखमा धर्मशालाको उद्घाटन गरेका थिए।

मुस्ताङको पवित्र धार्मिकस्थल मुक्तिनाथमा उल्लेख्य मात्रामा भारतीय दर्शनार्थी आउने गर्छन्। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाको तथ्यांकअनुसार, मुस्ताङ भित्रिएकामध्ये ८० प्रतिशत बढी भारतीय पर्यटक नै हुन्छन्। भारतका चारधामको दर्शन गरे पनि मुक्तिनाथ मन्दिरको दर्शन नगरेमा धार्मिक मोक्ष प्राप्ति नहुने विश्वास रहेको छ।


**मुस्ताङको मुक्तिनाथ रानीपौवामा भारतीय दूतावासले सन् २०१० मा निर्माण गरेको सुविधा सम्पन्न आधुनिक धर्मशाला खण्डहर बन्दै।** ● सुन्दरकुमार थकाली

साविक जिल्ला विकास समितिले धर्मशाला लिजमा दिनको लागि सार्वजनिक रूपमै टेन्डर आह्वान गरेको थियो। त्यस समय वारागुङ मुक्तिक्षेत्र–१ का स्थानीय वीरबहादुर गुरुङले धर्मशाला चलाउन लिजमा लिएका थिए। उनले उक्त धर्मशाला तीन वर्ष सञ्चालन गरेर छोडे। धर्मशाला सञ्चालनमा स्थानीयको असहयोगका कारण धर्मशााला सञ्चालनमा चुनौती थपिएपछि त्यस समय गुरुङले धर्मशाला चलाउन नसक्ने अवस्था रहेको भन्दै पन्छिएका थिए। साविक जिल्ला विकास समितिको स्वामित्वमा रहेको मुक्तिनाथ भारतीय धर्मशालालाई साविक जिल्ला विकास समितिले २०६९ मंसिर २९ गते मुक्तिनाथ विकास समितिलाई स्वामित्व हस्तान्तरण गरेको थियो। समितिको पहलमा गत साउन १९ गते बसेको बैठकले मुक्तिनाथ धर्मशालालाई सञ्चालनमा ल्याउने निर्णय गरेको थियो।

मुस्ताङका संघीय तथा प्रदेश सांसद, स्थानीय जनप्रतिनिधि, मुक्तिनाथ विकास समिति र विभिन्न सरोकारवाला निकायको संयुक्त बैठकले मुक्तिनाथ भारतीय धर्मशालाको सञ्चालन तथा व्यवस्थापनको जिम्मा वारागुङ मुक्तिनाथ विकास समितिलाई दिने गरी लिखित निर्णय गरिएको थियो। मुक्तिनाथ विकास समिति तथा बहुसरोकारवाला निकायले जिम्मा दिए पनि वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाले मुक्तिनाथ भारतीय धर्मशाला सञ्चालन तथा व्यवस्थापनमा कुनै चाँसो नदिँदा खण्डहर बनेको हो।

मुक्तिनाथ विकास समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसालले मुक्तिनाथमा रहेको भारतीय धर्मशालालाई सञ्चालन तथा व्यवस्थापन गर्ने योजना रहेको जनाए। प्रजिअ भुसालले मुक्तिनाथ विकास समिति पुनर्गठन भइसकेको र अब समितिमार्फत धर्मशाला सञ्चालन तथा व्यवस्थापन समिति गठन गरेर प्रयोगमा ल्याउने आफ्नो योजना रहेको सुनाए। 'समितिको बैठक बसेको छैन, धर्मशाला सञ्चालन गर्ने एजेन्डा पनि छ', प्रजिअ भुसालले भने, 'अहिल्यै यो हुन्न भन्न मिल्दैन, तर समिति धर्मशाला सञ्चालन गर्नुपर्छ भन्ने मान्यता राख्दछ।'

प्रजिअ भुसालले स्थानीय पालिका र मुक्तिनाथको होटल व्यवसायीको सहयोगमा भारतीय धर्मशालालाई सञ्चालनमा ल्याउने प्रतिबद्धता जनाए। मुक्तिनाथस्थित रानीपौवा बसपार्कमाथि करिब ५० मिटरको दूरीमा निर्माण गरिएको धर्मशालामा रिसेप्सन कोठा १, रिसेप्सन बैठक कक्ष १, एटेज बाथरुम १०, नन् एटेज ८, किचन कोठा १, डाइनिङ हल १ र सुरक्षागार्ड कोठा १ लगायतका भौतिक सरचना निर्माण गरिएको छ। रंगीन जस्ताले छाएको उक्त भारतीय धर्मशालामा शुद्ध शाहाकारी भोजनालय र सुविधा सम्पन्न आवासको डिजाइनमा निर्माण गरिएको थियो।

भारतीय दर्शनार्थीलाई लक्षित गरी निर्माण गरिएको भए पनि त्यहाँ सबै खालका दर्शनार्थीलाई खान र बस्नको व्यवस्था मिलाइएको थियो। धर्मशालाको चारैतिर दर्शनार्थीको सुरक्षाका लागि कम्पाउन्ड घेराबार लगाएको छ। भारतीय दूतावासले धर्मशाला निर्माण सम्पन्न गरी साविक जिल्ला विकास समिति मुस्ताङलाई संरक्षण तथा व्यवस्थापन गर्ने गरी हस्तान्तरण गरिएको थियो।